लोक सेवा आयोग

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड,

सहायक तृतीय पदको खुल्ला प्रतियोगितात्मक लिखित परिक्षा

२०६९

परीक्षाकेन्द्र : विरगञ्ज

पत्र: प्रथम

समय: ३ घण्टा

पूर्णाङ्क : १००

विषय: बैंकिङ्ग, लेखा तथा कम्प्यूटर/आइटी

प्रत्येक खण्ड (Section) को उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

खण्ड 'क'

१. नेपालमा आधुनिक बैंकिङ्ग पद्धतिको विकास कहिलेबाट सुरु भएको हो ? हालसम्मको बैंकिङ्ग पद्धतिको विकासक्रमका बारेमा लेख्नुहोस् ।

२. केन्द्रीय बैंक भन्नाले के बुझ्नुहुन्छ ? केन्द्रीय बैंकले गर्ने मुख्य कामहरु के के हुन् ? उल्लेख गर्नुहोस् ।

३. नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त 'क' वर्गका वित्तीय संस्थाहरुलाई के कस्ता वित्तीय कारोबार गर्न प्रतिबन्ध गरिएको छ ? उल्लेख गर्नुहोस् ।

४. देशको आर्थिक विकासमा बैंक तथा वित्तीय संस्थाहरुले कस्ता भूमिका खेल्न सक्छन् ? चर्चा गर्नुहोस् ।

५. राष्ट्रिय वाणिज्य बैंकलाई मुलुकको उत्कृष्ट वाणिज्य बैंक बनाउन बैंक कर्मचारीको वित्तीय आचरण कस्तो हुनु आवश्यक छ ?

६. कुनै दुई ओटा उत्तर दिनुहोस् ।

क. राष्ट्रिय वाणिज्य बैंकका मुख्य उपलब्धिहरु

ख. चेक र ड्राफ्टको भिन्नता

ग. निक्षेप (Deposit)

खण्ड 'ख'

७. दोहोरो लेखा प्रणाली भन्नाले के बुझिन्छ ? यसका विशेषताहरुबारे उल्लेख गर्नुहोस् ।

८. कुनै पनि नाफामूलक संस्थाको लेखापरीक्षण किन गर्नुपर्दछ ? यसको महत्वका बारेमा लेख्नुहोस् ।

९. सन्तुलन परीक्षण गर्न के कस्ता विधिहरुं अवलम्बन गरिन्छ ? उल्लेख गर्नुहोस् ।

खण्ड 'ग'

१०. रेकर्ड (Records) भन्नाले के बुझिन्छ र कार्यालयमा रेकर्ड राख्नुपर्ने कारणहरु उल्लेख गर्नुहोस् ।

११. एक कार्यलयबाट अर्को कार्यालयमा लेखिने पत्र ढाँचामा के कस्तो विषयहरु उल्लेख भएको हुनु पर्दछ ? उल्लेख गर्नुहोस् ।

१२. कुनै दुइको छोटो उत्तर दिनुहोस् ।

क. Windows

ख. Word Processing System

ग. Excel

CamScanner

लोक सेवा आयोग
राष्ट्रिय वाणिज्य बैंक लिमिटेड,
सहायक तृतीय पदको खुल्ला प्रतियोगितात्मक लिखित परिक्षा
२०६९

परीक्षाकेन्द्र : विरगञ्ज
पत्रः द्वितीय
समयः २ घण्टा २० मिनेट

पूर्णाङ्क : १००

विषयः सामान्य गणित

तलका प्रस्नहरुको उत्तर दिनुहोस् । उत्तरको माध्यम अङ्ग्रेजी वा नेपाली दुवै माध्यमबाट दिन सकिनेछ ।

१. कुनै वाणिज्य बैंकमा राखेको रकम रकम ८ वर्षपछि बैंकले साँवा र ब्याज गरी दोब्बर रकम फिर्तागर्दो रहेछ भने बैंकले कति प्रतिशतका दरले ब्याज दिदो रहेछ ? गणना गरी देखाउनुहोस् ।

२. एउटा मानिसले आफ्नो कुल आम्दानीको २५ प्रतिशत आयकरमा, १५ प्रतिशत खाद्यान्नमा र ५ प्रतिशत मनोरञ्जनमा खर्च गरी बाँकी रु १,२०,००० बचत गरी बैंकमा जम्मा गर्दछ भने उसको आम्दानी कति रहेछ ? हिसाब गरी देखाउनुहोस् ।

३. ५४ कप चियामा दुध र पानीको अनुपात १:८ रहेछ भने १२० कप चिया बनाउन कति कप दूध आवश्यक पर्ला ? हिसाब गरेर देखाउनुहोस् ।

४. प्रति किलो रु. २५० का दरले १०० किलो स्याउ खरीद गरिएकोमा १० किलो स्याउ बिग्रिएको पाइयो । १० प्रतिशत नाफा गर्न बाँकी स्याउन प्रति किलो कति रुपैयाँको दरले विक्री गर्नुपर्ला ? हिसाब गरेर देखाउनुहोस् ।

५. ४२ वटा कलमको मूल्य रु १०५० पर्दछ भने ७ दर्जन कलमको मूल्य कति पर्ला ? हिसाब गरेर देखाउनुहोस् ।

६. ८ वटा मेच र ४ वटा टेबलको मूल्य रु २०,००० पर्दछ । यदि तीन वटा मेचको मोल बाराबर एउटा टेबलको मोल भए २० वटा मेच र ८ वटा टेबलको मोल जम्मा कति पर्ला ? हिसाब गरेर देखाउनुहोस् ।

७. एउटा बैंकको विभिन्न शाखाहरुको देहाय बमोजिम निक्षेप संकलन गरेको पाइयो :

क्र.स.	शाखा कार्यालयको नाम	निक्षेप रु. करोडमा
१	बानेश्वर	२४३
२	कालिमाटि	३०२
३	टंगाल	८२४
४	कुलेश्वर	१२१

उपरोक्त विवरणलाई गणना गरी देखाउनुहोस् ।

क. बैंकका शाखाले संकलन गरेको औषत निक्षेप ।

ख. कुल निक्षेपमा हरेक शाखाको निक्षेपको प्रतिशत ।

८. एउटा सभामा भेला भएका मानिसहरुमध्ये ६० प्रतिशत पुरुक्ष र बाँकी महिला रहेछन् । महिलाको कुल सङ्ख्या ८०० भए भेला भएका कुल मानिसको सङ्ख्या कति होला ? हिसाब गरेर देखाउनुहोस् ।

९. बैंकले खरीद गरेको १५० थान फर्निचर मध्ये स्टुल, कुर्सी र टेबलको अनुपात २:३:५ रहेछ भने स्टल, कुर्सी र टेबलको सङ्ख्या कति रहेछ ? हिसाब गरेर देखाउनुहोस् ।

१०. सरल गर्नुहोस् ।

$68.389+12.0011\times3.7701\div0.50\times28.59\div2.78+8.46$

CamScanner

लोक सेवा आयोग

राष्ट्रिय वाणिज्य बैक लिमिटेड,

सहायक तृतीय पदको खुल्ला प्रतियोगितात्मक लिखित परिक्षा २०६९

परीक्षाकेन्द्र : काठमाण्डौं

पत्र: प्रथम

समय: ३ घण्टा

पूर्णाङ्क : १००

विषय: बैंकिङ, लेखा तथा कम्प्युटर/आइटी

प्रत्येक खण्ड (Section) को उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

समूह 'क'

१. मर्जर (Merger) भनेको के हो ? बैंक तथा वित्तीय संस्था एक आपसमा गाँभिदा के के फाइदा हुन सक्छन् ? उल्लेख गर्नुहोस् ।

२. बैंकको तरलता व्यवस्थापन (Liquidity Management) भन्नाले के बुझ्नुहुन्छ ? अत्यधिक तरलता कायम हुन जाँदा त्यसबाट बैंकमा कस्तो असर पर्न जान्छ ? वर्णन गर्नुहोस् ।

३. नेपालमा बैंकिङ्ग क्षेत्रको विकासक्रम बारे चर्चा गर्दै हाल बैंकिङ्ग क्षेत्रमा विद्यमान चुनौतिहरुको विश्लेषण गर्नुहोस ।

४. सम्पत्ति शुद्धीकरण भन्नाले के बुझिन्छ ? सम्पत्ति शुद्धीकरण निवारण ऐन, २०६४ ले के कस्ता कारोवारलाई सम्पत्ति शुद्धीकरण गरेको मानेको छ ?

५. नेपाल राष्ट्र बैंकको उद्देश्यहरु के बुझिन्छ ? केन्द्रीय बैंकको रुपमा नेपाल राष्ट्र बैंकले गर्ने मुख्य मुख्य कार्यहरुको वर्णन गर्नुहोस् ।

६. कुनै दुइका बारेमा छोटकरीमा लेख्नुहोस् ।

क. गैर बैंकिङ्ग सम्पत्ति (Non Banking Assets)

ख. रेमिटान्स (Remittance)

ग. शाखा रहित बैंकिङ (Branchless Banking)

समूह (ख)

७. बैंकको वासलातमा दायित्व भन्नाले के बुझिन्छ ? यस अन्तर्गत पर्ने मुख्य शीर्षकहरुबारे लेख्नुहोस् ।

८. लेखा परीक्षण भनेको के हो ? बैंक तथा वित्तीय संस्थाहरुको आन्तरिक लेखा परीक्षण किन आवश्यक हुन्छ ? उल्लेख गर्नुहोस् ।

९. कुनै दुईका बारेमा छोटकरीमा लेख्नुहोस् ।

क. वासलात बाहिरको कारोबार (Off Balance Sheet Transaction)

ख. स्टक व्यवस्थापन (Inventory Management)

ग. कर्जा अपलेखन (Loan Write Off)

समूह (ग)

१०. कार्यालयमा सञ्चारको महत्वबारे उल्लेख गर्दै प्रभावकारी व्यवस्थापन सूचना प्रणाली (MIS) को बारेमा आफ्नो भनाइ राख्नुहोस ।

११. अनुक्रमणिका (Index) भनेको के हो ? विभिन्न प्रकारका अनुक्रमणिकाको संक्षेपमा वर्णन गर्नुहोस् ।

१२. कुनै दुईका बारेमा छोटकरीमा लेख्नुहोस ।

क. रेकर्ड व्यवस्थापन (Record Management)

ख. कार्यालय संरचना (Office Layout)

ग. वर्ड प्रोसेसिङ्ग सिस्टम (Word Processing System)

CamScanner

लोक सेवा आयोग

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड,

सहायक तृतीय पदको खुल्ला प्रतियोगितात्मक

लिखित परिक्षा २०६९

परीक्षाकेन्द्र : काठमाण्डौं

पत्र: द्वितीय

समय: २ घण्टा २० मिनेट

पूर्णाङ्क : १००

विषय: सामान्य गणित

तलका प्रश्नहरुको उत्तर दिनुहोस् । उत्तरको माध्यम अङ्ग्रेजी वा नेपाली दुवै माध्यमबाट दिन सकिनेछ ।

१. शशिले राष्ट्रिय वाणिज्य बैंक लि. मा १२ लाख ५० हजार वार्षिक ५० हजार वार्षिक ८.५ दरले ब्याज पाउने गरी जम्मा गरेको थियो । ३ वर्ष ६ महिना उसले ब्याज रकम कति पायो होला ? हिसार गरेर देखाउनुहोस् ।

२. उदयले कुखुरा पालनाका लागि आफ्नो साथी विकाससँग रु. ७ लाख ऋण लियो २ वर्ष पछि उसले विकासलाई रु. ८ लाख ८२ हजार भुक्तानी गर्यो भने सो ऋणका लागि उदयले कति प्रतिशत ब्याज तिर्नु पर्यो ? हिसाब गरेर देखाउनुहोस् ।

३. एकजना व्यापारीले एउटा क्यालकुलेटरको अंकित मूल्य रु. ७०० कायम गरी १५ प्रतिशत छुट दिई बेचेछ । यसोगर्दा उसला रु ४५ नाफा भएछ भने क्रय मूल्यभन्दा अंकित मूल्य कति प्रतिशतले बढी राखिएको थियो ? हिसाब गरेर देखाउनुहोम ।

४. आजका मितिमा २ जना साथी भाईको उमेरको अनुपात (Ratio) २:३ छ भने ९ वर्ष पछि उनीहरुको उमेरको अनुपात ३:४ हुनेछ । तीन दुई साथीभाइको आजको उमेर कति होला ? हिसाब गरेर देखाउनुहोस् ।

५. यदि २० जना ज्यामीले प्रति दिन ८ घण्टाका दरले काम गर्दा एउटा स्कूल ६० दिनमा बनाउन सक्छन् भने ४० जना व्यक्तिले प्रतिदिन ७ घण्टाका दरले काम गर्दा उक्त स्कूल कति दिनमा बनाउन सक्लान् ? हिसाब गरेर देखाउनुहोस् ।

६. अङ्ग्रेजी विषयमा विद्यार्थीहरुले प्राप्त गरेको निम्न लिखित अंकका आधारमा प्राप्ताङ्कको औसत निकाल्नुहोस् ।

प्राप्ताङ्क	६०	६७	७०	७५	७७
परीक्षार्थी सङ्ख्या	८	३	५	६	१

७. एउटा पंखा बजार मुल्यमा २० प्रतिशत छुट दिई बेच्दा पसले कमललाई २० प्रतिशत मुनाफा बच्ने रहेछ भने पंखा २५ प्रतिशत छुटमा बेच्दा कमललाई रु. १२५ मुनाफा हुने रहेछ भने त्यस पंखाको बजार मूल्य किन होला ? हिसाब गरेर देखाउनुहोस् ।

८. तल दिइएका प्रतिशतलाई भिन्नता प्रस्तुत गर्नुहोस् ।

क. २४.४०% ख. ३७.६०% ग. ६१.८०% घ. ८३.७०%

९. एक सुन्तला व्यापारीले एक बाकस तुलना रु ४४० मा किन्यो । उक्त बाकसमा २२० वटा सुन्तला थिए, जसमध्ये ६० वटा सुन्तला कुहिएका थिए । व्यापारीले बाँकी सुन्तला रु १.५० का दरले विक्री गर्‍यो भने उसको नाफा वा नोक्सान कति होला ? हिसाब गरेर देखाउनुहोस् ।

१०. सरल गर्नुहोस् ।

$\{(3.86+2.06)\times1.78\}+\{(9.78-3.65)\times3.74\}$

CamScanner

लोक सेवा आयोग

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड,

सहायक तृतीय पदको खुल्ला प्रतियोगितात्मक

लिखित परिक्षा २०६९

परीक्षाकेन्द्र : विराटनगर

पत्रः प्रथम

समयः ३ घण्टा पूर्णाङ्क : १००

विषयः बैंकिङ्ग, लेखा तथा कम्प्यूटर/आइटी

प्रत्येक खण्ड (Section) को उत्तर छुट्टयाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

समूह 'क' बैंकिङ्ग, बैंक तथा वित्तीय संस्था सम्बन्धित ऐन, नियम तथा नियमनहरु

१. ग्राहकको पहिचान (Know Your Customer) भन्नाले के बुझिन्छ ? नेपालमा बैंक तथा वित्तीय संस्थाहरुमा यसको किन महत्व रहेको छ ? उल्लेख गर्नुहोस् ।

२. सम्पत्ति शुद्धीकरण भनेको के हो ? बैंक तथा वित्तीय संस्थाहरुको सम्पत्ति शुद्धीकरण निवारणमा के कस्तो भूमिका रहेको हुन्छ ? उल्लेख गर्नुहोस् ।

३. नेपालको बैंकिङ दक्ष जनशक्तिको अभाव रहेको कुरा बेला बेलामा सुनिन्छ ? तपाईंको विचारमा दक्ष जनशक्तिको अभाव पूर्ति गर्न के के उपायहरु अवलम्बन गर्नुपर्ला ? उल्लेख गर्नुहोस् ।

४. नेपालको आर्थिक विकासमा राष्ट्रिय वाणिज्य बैंकको के कस्तो भूमिका रहेको छ ? छोटकरीमा व्याख्या गर्नुहोस् ।

५. बैंक तथा वित्तीय संस्थाहरु एक आपसमा गाभ्न र गाभिन किन आवश्यक छ ? यसले के फाइदा पुऱ्याउँदछ ? आफ्ना भनाइ राख्नुहोस् ।

६. कुनै दुईका बारेमा संक्षेपमा लेख्नुहोस् ।

क. रेमिटान्स (Remittance)

ख. तरलता व्यवस्थापन (Liquidity Management)

ग. प्रतितपत्र (Letter of Credit)

समूह 'ख' लेखा प्रणाली, बैंङ्कको आन्तरिक लेखा प्रणाली

७. आन्तरिक लेखा परीक्षण भनेको के हो ? यसको महत्वबारे प्रकाश पार्नुहोस् ।

८. नाफा नोक्सान हिसाब भनेको के हो ? वाणिज्य बैंकको आम्दानी र खर्चमा श्रोत के के हुन् ? उल्लेख गर्नुहोस् ।

९. कुनै दुईका बारेमा संक्षेपमा लेख्नुहोस् ।

क. सन्तुलन परीक्षण (Trial Balance)

ख. वासलात (Balance Sheet)

ग. डे बुक (Day Book)

समूह 'ग' कम्प्यूटर/आइटी सम्बन्धी ज्ञान

१०. कार्यालयमा फाइलिङ्गको के कस्तो महत्व रहेको हुन्छ ? उल्लेख गर्दै यसका विधिहरु छोटकरीमा उल्लेख गर्नुहोस् ।

११. राष्ट्रिय वाणिज्य बैंकको कार्यकुशलता बढाउन सञ्चारले खेल्ने भूमिकाबारे उल्लेख गर्नुहोस् ।

१२. कुनै दुईका बारेमा संक्षेपमा लेख्नुहोस् ।

क. इन्टरनेट बैंकिङ्ग (Internet Banking)

ख. वर्ड प्रोसेसिङ (Word Processing)

ग. रेकर्ड व्यवस्थापन (Record Management)

CamScanner

लोक सेवा आयोग
राष्ट्रिय वाणिज्य बैंक लिमिटेड,
सहायक तृतीय पदको खुल्ला प्रतियोगितात्मक
लिखित परिक्षा २०६९

परीक्षाकेन्द्र : विराटनगर
पत्र: द्वितीय
समय: २ घण्टा २० मिनेट

पूर्णाङ्क : १००

विषय: सामान्य गणित

तलका प्रश्नहरुको उत्तर दिनुहोस् । उत्तरको माध्यम अङ्ग्रेजी वा नेपाली दुवै माध्यमबाट दिन सकिनेछ ।

१. प्रति किलो रु ६० पर्ने ६० किलो मासको दाल, प्रति किलो रु ५० पर्ने ५० किलो रहरको दाल र प्रति किलो रु ५० पर्ने मसुरोको दाल मिसाएर बिक्री गर्दा १५ प्रतिशत नोक्सानी भएछ भने २० प्रतिशत नाफा गर्न उक्त मिश्रत दाल प्रतिकिलो कति रुपियाँमा बिक्री गर्नुपर्ला ? हिसाब गरेर देखाउनुहोस् ।

२. कुनै एउटा बैंक शाखाको कूल कर्जा लगानी रु २ अर्ब ५० करोड देहाय बमोजिम रहेको छ भने, कर्जा लगानीको औसत ब्याज दर कति प्रतिशत होला ? हिसाब गरेर देखाउनुहोस् ।

कर्जा शीर्षक	रकम	ब्याजदर
ओभर ड्राफ्ट	रु. ३० करोड	१६ प्रतिशत
औद्योगिक	रु. ४० करोड	१५ प्रतिशत
व्यापारिक	रु. १०० करोड	१७ प्रतिशत
सेवामुलक	रु. ८० करोड	१४ प्रतिशत

३. श्यामले आफ्नो मासिक तलबको १० % कर्मचारी सञ्चय कोष वापत कट्टी गरी बाँकी रकमको ५०% खानामा, ३०% लत्ता कपडामा, १०० % शिक्षामा र ४% अन्यमा खर्च गरी बाँकी रकम रु २४३० बचत गर्दछ भने निजको कर्मचारी सञ्चयकोष वापत मासिक रुपमा कति रकम जम्मा भएको होला ? हिसाब गरेर देखाउनुहोस् ।

४. सरल गर्नुहोस: $\{5.85+3.14\}\div\{25.58-40.34\times(-2.34)\}$

५. एउटा लगानीकर्ताले ३.५ वर्षका लागि जुत्ता सिलाउने व्यक्ति र कपाल काट्ने हजामलाई क्रमशः ८% र १० % साधारण व्याजदरले बराबर रकम लगानी गर्‍यो । यदि लगानीकर्ताले दुवै व्यक्तिबाट जम्मा ब्याज रु १५१२ प्राप्त गर्‍यो भने जम्मा कति रकम लगानी भएको रहेछ ? हिसाब गरेर देखाउनुहोस् ।

६. एउटा छात्राबासमा १५० जना विद्यार्थीलाई ४५ दिनसम्म पुग्ने खाना थियो । १० दिन पछि २५ जना विद्यार्थीले छात्राबास छोडेर गए भने बाँकी खानाले कति दिन पुग्छ ? हिसाब गरेर देखाउनुहोस् ।

७. यदि एउटा घडी अंकित मूल्यमा विक्री गर्दा विक्रेतालाई २०% नाफा हुन्छ र ५% छुट दिंदा रु १४०० मात्र नाफा हुन्छ भने विक्रेताले उक्त घडि कतिमा किनेको हुनुपर्छ ? हिसाब गरेर देखाउनुहोस् ।

८. कुनै बैंकले कूल निक्षेप मौज्दात मध्ये ब्याज नतिर्नु पर्ने निक्षेप रु. ११७ करोड ब्याज तिर्नुपर्ने निक्षेप रु. २१३५ करोड रहेछ भने ब्याज तिर्नु नपर्ने र ब्याज तिर्नु पर्ने निक्षेपको समानुपातिक हिसाब निकाल्नुहोस् ।

९. यदि कसैले बराबर रकमहरु बैंकको बचत तथा र मुद्दती खातामा जम्मा गर्‍यो । बैंकले बचत खातामा ६% र मुद्दती खातामा ८% ब्याज दिन्छ । यदि उसले ५ वर्षमा बचत खाताबाट भन्दा मुद्दती खाताबाट रु १००० बढी ब्याज पाउँछ भने उसले जम्मा गरेका रकमहरु पत्ता लगाउनुहोस ।

१०. तल दिइएका भिन्नलाई दशमलवमा लैजानुहोस् ।

क) $\frac{8}{15}$ ख) $\frac{3}{4}$ ग) $\frac{11}{10}$ घ) $2\frac{5}{12}$

लोक सेवा आयोग

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड,

सहायक तृतीय पदको खुल्ला प्रतियोगितात्मक

लिखित परिक्षा २०६९

परीक्षाकेन्द्र : धरान

पत्र: प्रथम

समयः ३ घण्टा **पूर्णाङ्क : १००**

विषय: बैंकिङ्ग, लेखा तथा कम्प्युटर/आइटी

प्रत्येक खण्ड (Section) को उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

समूह 'क'

१. केन्द्रीय बैंक भन्नाले कस्तो बैंकलाई जनाउँछ ? यस्तो बैंकले गर्ने मुख्य कार्यहरु के के हुन् ? छोटकरीमा उल्लेख गर्नुहोस् ।

२. वाणिज्य बैंकका विकासको बारेमा चर्चा गर्दै सरकारी बैंकहरुले पुऱ्याएको योगदानबारे उल्लेख गर्नुहोस् ।

३. नेपालमा बैंकिङ्ग विकासको बारेमा चर्चा गर्दै सरकारी बैंकहरुले पुऱ्याएको योगदानबारे उल्लेख गर्नुहोस् ।

४. हाल नेपालमा ग्रामीण एवम् दुर्गमा क्षेत्रमा पर्याप्त वित्तीय सेवा पुग्न नसकिरहेको अवस्थामा कसरी त्यस्ता क्षेत्रमा बैंकिङ्ग सेवा पुऱ्याउन सकिएला ? सुझाव दिनुहोस् ।

५. सम्पत्ति शुद्धीकरण ऐन, २०६४ बमोजिम के कस्तो कार्य गरेमा सम्पत्ति शुद्धीकरण गरेको मानिन्छ ? उल्लेख गर्नुहोस्

६. कुनै दुईको छोटकरीमा उत्तर दिनुहोस् ।
   - क. कोष (Fund) र गैर कोष (Non found based) मा आधारित कर्जा/सुविधाहरु
   - ख. बैंकिङ्ग जालसाँजी (Banking Fround)
   - ग. कर्जा सूचना केन्द्र (Credit Information Centre)
   - घ. लिफो विधि (LIFO Method)

समूह 'ख'

७. दोहोरो लेखा प्रणालीका मुख्य मुख्य विशेषताहरु उल्लेख गर्दै यसका कमजोरीका बारेमा चर्चा गर्नुहोस् ।

८. कुनै पनि व्यावसायिक संगठनमा लेखा परीक्षण किन गर्नुपर्दछ ? आन्तरिक र बाहय र परीक्षणबिच खास कस्तो अन्तर रहेको छ ? उल्लेख गर्नुहोस् ।

९. कुनै दुईको छोटकरीमा उत्तर दिनुहोस् ।
   - क. वासलात बाहिरको कारोबार (Off Balance Sheet Transaction)
   - ख. सन्तुलन परीक्षण (Trail Balance)
   - ग. लिफो विधि (LIFO Method)

समूह 'ग'

१०. Filling भन्नाले के बुझिन्छ ? कार्यालयहरुमा यसको के महत्व हुन्छ ? उल्लेख गर्नुहोस् ।

११. कुनै पनि संगठनमा सञ्चार व्यवस्थालाई कसरी प्रभावकारी बनाउन सकिन्छ ? आफ्ना भनाई प्रस्तुत गर्नुहोस् ।

१२. कुनै दुईको बारेमा छोटकरीमा लेख्नुहोस् ।
   - क. रेकर्ड व्यवस्थापन (Record Management)
   - ख. अनुक्रमणिका (Index)
   - ग. वर्ड प्रोसेसिङ (Word Processing)

CamScanner

लोक सेवा आयोग
राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, सहायक तृतीय पदको खुल्ला प्रतियोगितात्मक
लिखित परिक्षा २०६९

परीक्षाकेन्द्र : धरान
पत्र: द्वितीय
समय: २ घण्टा २० मिनेट

पूर्णाङ्क : १००

विषय: सामान्य गणित

१. रामले आफ्नो मासिक तलब रु १३,००० को ७ प्रतिशत बचत गर्ने गर्थ्यो । हाल यसको तलब २० प्रतिशतले बढेको कारण तलबको १३ प्रतिशत मासिक बचत हुन थालेको छ । अब उसको बचत कति प्रतिशतले बढ्यो ? हिसाब गरेर देखाउनुहोस् ।

२. कुनै स्थान वाणिज्य बैंकले २०६९ असार मसान्तमा कर्जा र व्याजदर देहाय बमोजिम रहेको छ ।

	कुल कर्जा (रु. करोडमा)	वार्षिक व्याजदर (%)
कृषि र औद्योगिक कर्जा	१२५०	१२.५
अन्य कर्जा	१२७०	१६.५

उक्त विवरण अनुसार

क. २०६९ असार मसान्तमा कर्जाको औसत ब्याजदर कति रहेछ ?

ख. २०६९ असार मसान्त असुल हुनुपर्ने वार्षिक ब्याज साँवामा परिणत गर्दा कुल कर्जा कति हुन पुग्छ ? हिसाब गरेर देखाउनुहोस् ।

३. कुनै वाणिज्य बैंकमा तलब भत्ता बापत मासिक रु. २० लाख खर्च हुने गर्थ्यो । उक्त खर्चमा ६० प्रतिशत अंश ओगटने सहायक स्तरका कर्मचारिको तलब १० प्रतिशतले वृद्धि र अन्य कर्मचारीको तलब १२ प्रतिशतले वृद्धि हुँदा उक्त बैंकमा तलब भत्ता वापत वार्षिक कति रुपियाँ खर्च हुन्छ ? हिसाब गरेर देखाउनुहोस् ।

४. राम र श्यामको मासिक खर्च अनुपात ५: रहेछ । रामको मासिक खर्च रु. १०० ले घटाउँदा र श्यामको रु २०० ले बढाउँदा उनीहरुको खर्च अनुपात ४:३ हुने रहेछ । उनीहरुको मासिक खर्च कति कति रहेछ ? हिसाब गरेर देखाउनुहोस् ।

५. एउटा गाउँमा कूल जनसङ्ख्या २०,००० रहेछ । पछिल्लो पटकको तथ्याङ्कबाट महिलाको संख्यामा १० प्रतिशतले वृद्धि र पुरुषको महिला संख्यामा ६ प्रतिशतले कमी भए पनि कूल जनसंख्यामा कुनै फरक नपरेको विवरण प्राप्त भएको रहेछ भने उक्त गाउँमा रहेका महिला र पुरुषको संख्या कति कति होला ? हिसाब गरेर देखाउनुहोस् ।

६. परीक्षार्थीहरुले गणित विषयमा प्राप्त गरेको निम्नलिखित अङ्कका आधारमा रक्षार्थी औषत प्राप्ताङ्क निकाल्नुहोस् ।

प्राप्ताङ्क	५०	६०	७०	८०	९०
परीक्षार्थीको सङ्ख्या	५	८	५	४३	

७. राष्ट्रिय वाणिज्य बैंकका नगद प्रवाह तर्फ खटिएका ३० जना कर्मचारीले भुत्रो नोट गन्ने काम १० दिनमा सम्पन्न गर्न ओभरटाइम गर्दा समेत १२ घण्टाका दरले काम गर्नुपर्छ । त्यही काम १८ दिनमा सम्पन्न गर्न ४० कर्मचारीले दिनको कति घण्टाका दरले काम गरे पुग्छ ? हिसाब गरेर देखाउनुहोस् ।

८. तल दिइएका भिन्नलाई दशमलवमा लैजानुहोस् ।

क. $\frac{9}{15}$ ख. $2\frac{5}{12}$ ग. $\frac{3}{4}$ घ. $\frac{11}{20}$

९. एउटा वित्तीय संस्थाले एक आर्थिक वर्षमा गरेको मुनाफाको २५% रकम आफ्ना कर्मचारीलाई बराबर बाँड्न प्रत्येक कर्मचारीले रु ८,००० को दरले प्राप्त गरेछन् । यदि सो संस्थामा ६० जना कर्मचारी कार्यरत थिए भने सो संस्थाले जम्मा कति मुनाफा गरेको थियो ? हिसाब गरेर देखाउनुहोस् ।

१०. हल गर्नुहोस् ।

$885 \div \{(17.3+6.85)\} \div (0.08 \div 0.07) + (9.05-302) \div (-3.12)$

CamScanner

लोक सेवा आयोग
राष्ट्रिय वाणिज्य बैक लिमिटेड,
सहायक तृतीय पदको खुल्ला प्रतियोगितात्मक
लिखित परिक्षा २०६९

परीक्षाकेन्द्र : पोखरा
पत्रः प्रथम
समयः ३ घण्टा **पूर्णाङ्क : १००**

विषयः बैंकिङ्ग, लेखा तथा कम्प्युटर/आइटी

प्रत्येक खण्ड (Section) को उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

समूह 'क'

१. राष्ट्रिय वाणिज्य बैंकले देशको आर्थिक विकासमा कसरी सहयोग पुऱ्याइरहेको छ । उल्लेख गर्नुहोस् ।

२. नेपाल राष्ट्र बैंकको प्रमुख कार्यहरु के के हुन् ? व्याख्या गर्नुहोस् ।

३. सम्पत्ति शुद्धीकरण भनेको के हो ? वित्तीय जानकारी एकाइको काम, कर्तव्य र अधिकार क्षेत्रको व्याख्या गर्नुहोस् ।

४. Good for Payment चेक भनेको के हो ? यो कसरी जारी गरिन्छ ? साधारण चेक र Good for Payment चेकमा के भिन्नता रहेको छ ? उल्लेख गर्नुहोस् ।

५. ग्राहक पहिचान (Know Your Customer- KYC) भनेको के हो ? बैंकिङ्ग कारोवारमा यसको के महत्व रहेको छ ? चर्चा गर्नुहोस् ।

६. कुनै दुईको छोटकरीमा उत्तर दिनुहोस् ।
   क. शाखारहित बैंकिङ्ग (Brancheless Banking)
   ख. ATM
   ग. लकर सुविधा (Lucker Facility)

समूह 'ख'

७. नाफा/नोक्सान हिसाब (Profit/Loss Account) भनेको के हो ? यस हिसाब, खातामा खर्च (Debit) र आम्दानी (Credit) तर्फ समावेश गरिने शीर्षकहरु उल्लेख गर्नुहोस् ।

८. लेखापरीक्षण भनेको के हो ? लेखापरीक्षणको आवश्यकता किन पर्दछ ? संस्थागत सुशासन, आन्तरिक नियन्त्रण र जोखिम व्यवस्थापनमा लेखापरीक्षणले खेल्ने भूमिकाको व्याख्या गर्नुहोस् ।

९. दोहोरो लेखा प्रणाली भन्नाले के बुझ्नुहुन्छ ? यसका मुख्य मुख्य विशेषताहरुको चर्चा गर्नुहोस् ।

समूह 'ग'

१०. Word Processing System र Excel System बाट कार्यालयहरुमा गर्न सकिने कामहरु के के हुन् ? उल्लेख गर्नुहोस् ।

११. कार्यालयको संरचना (Layout) बाट कार्यालयको प्रभावकारिता कसरी वृद्धि हुन्छ । असल संरचना लागि आवश्यक तत्वहरु के के हुन् ?

CamScanner

लोक सेवा आयोग
राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, सहायक तृतीय पदको खुल्ला प्रतियोगितात्मक
लिखित परिक्षा २०६९

परीक्षाकेन्द्र : पोखरा
पत्र: द्वितीय
समय: २ घण्टा २० मिनेट

पूर्णाङ्क : १००

विषय: सामान्य गणित

तलका प्रश्नहरुको उत्तर दिनुहोस् । भाषाको माध्यम अङ्ग्रेजी वा नेपाली दुवै हुनेछ ।

१. ५ वर्षको लागि १५ प्रतिशतका दरले व्याज दिने गरी ऋण सापट रु. २५० लिंदा कति व्याज तिर्नुपर्छ ? निकाल्नुहोस् ।

२. रु ५,००० को ६ महिनाको साधारण व्याज गणना गर्नुहोस् जसको व्याजदर २ पैसा प्रति रुपैयाँ प्रति महिना छ ।

३. एउटा टेलिभिजनको अंकित मूल्य रु ६,००० राखिएको छ । यही केही प्रतिशत छुट दिई १३ प्रतिशत मूल्य अंभिवृद्धि कर ... लिई सकेपछिको मूल्य रु ६,१०२ हुन्छ भने उक्त टेलिभिजनमा कति प्रतिशत छुट दिइएको रहेछ ? निकाल्नुहोस् ।

४. राधाको उमेर १४ वर्ष, सीताको उमेर १७ वर्ष, महेशको उमेर २१ वर्ष, लखनको उमेर २६ वर्ष र हिरामानको उमेर ३२ वर्ष ... उनीहरुको औसत उमेर पत्ता लगाउनुहोस् ।

५. ४ घण्टामा एउटा रेल ६०० कि.मि. गुड्छ भने १० मिनेटमा त्यो रेल कति पर पुग्छ ? निकाल्नुहोस् ।

६. कुनै एक फलफूल व्यापारिले एक बाकस स्याउ रु २२० मा किन्यो । उक्त बाकसमा ११० वटा स्याउ थिए । जस मध्ये ... वटा स्याउ कुहिएको थियो । व्यापारीले बाँकी स्याउनहरु प्रति स्याउ रु १.५० का दरले बेच्यो भने उसको नाफा/नोक्सान प्रतिशत कति भयो होला ?

७. हल गर्नुहोस् ।

$$\frac{(4.25+2.25)\times(8.75+16.75)}{(3.75+9.75)}$$

८. हाल दुई जना व्यक्तिको उमेरको अनुपात (Ratio) २:३ छ भने ९ वर्ष पछि उनीहरुको उमेरको अनुपात ३:४ हुनेछ । उक्त दु... व्यक्तिको हालको उमेर कति छ ?

९. तल दिइएको प्रतिशतलाई भिन्नमा प्रस्तुत गर्नुहोस् :

क) ७.०%   ख) ५.५%

१०. भिन्न भिन्नहरुलाई जोडि दशमलमा उत्तर निकाल्नुहोस् ।

$$\frac{5}{12}+\frac{5}{16}+\frac{5}{24}=?$$

CamScanner

लोक सेवा आयोग
राष्ट्रिय वाणिज्य बैक लिमिटेड, सहायक तृतीय पदको खुल्ला प्रतियोगितात्मक
लिखित परिक्षा २०६९

परीक्षाकेन्द्र : बुटवल
पत्र: प्रथम
समय: ३ घण्टा

पूर्णाङ्क : १००

विषय : बैंकिङ्ग, लेखा तथा कम्प्यूटर/आइटी
प्रत्येक खण्डको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्ने छ ।

खण्ड (क)

१. केन्द्रीय बैंक भनेको के हो ? केन्द्रीय बैंकको रुपमा नेपाल राष्ट्र बैंकले गर्ने मुख्य कार्यहरु के के हुन ? संक्षेपमा लेख्नुहोस ।
२. राष्ट्रिय वाणिज्य बैंकले देशको बैंकिङ विकासमा के कस्तो भूमिका निर्वाह गरेको छ ? उल्लेख गर्नुहोस ।
३. निक्षेप (Deposit) भनेको के हो ? वाणिज्य बैंकहरुले के कसरी निक्षेप परिचालन गर्दछन् ? संक्षेपमा उल्लेख गर्नुहोस ।
४. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ अनुसार वाणिज्य बैंकहरुले गर्ने मुख्य मुख्य कार्यहरु उल्लेख गर्नुहोस ।
५. सम्पत्ति शुद्धीकरण (Money Laundering) भनेको के हो ? सम्पत्ति शुद्धीकरण निवारण ऐन अन्तर्गत के कस्तो कार्यहरु कसुरजन्य मानिन्छ ? व्याख्या गर्नुहोस् ।
६. कुनै दुईका बारेमा संक्षेपमा लेख्नुहोस् ।
    क) रेमिटान्स (Remittance)
    ख) शाखा रहित बैंकिङ (Branchless Banking)
    ग) प्रतितपत्र (Letter of Credit)

समूह (ख)

७. दोहोरो लेखा प्रणाली भन्नाले के बुझिन्छ ? वाणिज्य बैंकहरुमा यसको किन महत्वपूर्ण स्थान रहेको पाइन्छ ? उल्लेख गर्नुहोस् ।
८. लेखापरीक्षण भनेको के हो ? वाणिज्य बैंकहरुको लागि लेखापरीक्षण किन आवश्यक हुन्छ ? व्याख्या गर्नुहोस् ।
९. कुनै दुईका बारेमा संक्षेपमा लेख्नुहोस् ।
    क) सन्तुलन परीक्षण (Trail Balance)
    ख) स्टोर दाखिलाको महत्व
    ग) वासलात (Balance Sheet)

समूह (ग)

१०. रेकर्ड व्यवस्थापन भनेको के हो ? असल रेकर्ड व्यवस्थापन हुनुपर्ने विशेषताहरु उल्लेख गर्नुहोस् ।
११. फाइलिङ्ग भनेको के हो ? यसको महत्वका बारेमा प्रकाश पार्नुहोस् ।
१२. कुनै दुईका बारेमा संक्षेपमा लेख्नुहोस् ।
    क) Excel
    ख) Window
    ग) Word Processing System

CamScanner

लोक सेवा आयोग
राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, सहायक तृतीय पदको खुल्ला प्रतियोगितात्मक
लिखित परिक्षा २०६९

परीक्षाकेन्द्र : बुटवल
पत्र: द्वितीय
समय: २ घण्टा २० मिनेट
विषय: सामान्य गणित

पूर्णाङ्क : १००

१. रामले प्रति किलो रु. ५० को दरले ६० किलो र प्रति किलो रु. ९० को दरले आलु किनेछ । अब उक्त आलु प्रति किलो ४५ को दरले गर्दा कति नाफा वा नोक्सान भयो ? हिसाब गरेर देखाउनुहोस् ।

२. राष्ट्रिय वाणिज्य बैंकको कर्जा संरचना निम्नानुसार रहेको छ ।

	२०६९ असाढ	२०६९ पौष
कृषि क्षेत्र	१५०	१२०
औद्योगिक क्षेत्र	३००	३५०
सेवा क्षेत्र	४५०	६३०

क) २०६९ असाढ देखि पौषसम्म कुल कर्जा कति प्रतिशतले बढ्यो वा घट्यो ?

ख) २०६९ असाढ र पौषमा कृषि क्षेत्रफलको कर्जाको अंश कति प्रतिशत रहेको छ ?

ग) २०६९ असाढ देखि पौषसम्ममा सेवा क्षेत्रको कर्जा ५ प्रतिशतले मात्र बढेको भए २०६९ पौषमा यस्तो कर्जाको रकम कति हुने थियो ?

३. रमाले ६:८ को अनुपात कायम हुने गरी स्याउ र सुन्तला किनिछन् । अब उनले १० स्याउ र १० सुन्तला खाएपछि बाँकी रहेका स्याउ र सुन्तलाको अनुपात १०:१४ भएछ । रमाले शुरुमा कति दाना स्याउ र सुन्तला किनिछन् ।

४. रिताले पुजालाई प्रति वर्ष ६ प्रतिशतका दरले व्याज लिने गरी रु. ८००० ऋण दिइछन् । रिताले पुजाबाट २ वर्षमा कति रकम एकमुष्ट प्राप्त गर्छिन् ।

५. सहायक तृतीय पदको हिसाब विषयको परीक्षार्थी प्राप्त गरेको निम्न लिखित अंकका आधारमा औसत प्राप्ताङ्क निकाल्नुहोस् ।

प्राप्ताङ्क	३०	३५	४०	४५	५०
परीक्षार्थीको सङ्ख्या	२	६	५	८	४

६. यदि १५ मानिसले एउटा काम २४ दिनमा गर्न सक्छन् भने कति समयमा सो काम ९ जना मानिसले गर्न सक्छन् ।

७. यदि कुनै रुपैया २० प्रतिशतले रु १२५ हुन्छ भने सोही रुपैयाँ १४ प्रतिशतले कति हुन्छ ?

८. हरि साहुले १५ मिटर कपडालाई रु १८०० मा बेच्दा रु ३०० नाफा गर्‍यो भने रु १३५० बेचेको भए प्रति मिटर कति नाफा वा घाटा होला ?

९. तलका प्रतिशतलाई भिन्न (Fraction) र दशमलव (Decimals) मा परिवर्तन गर्नुहोस् ।

क) १८% ख) ७% ग) ८२% घ) ५५%

१०. राष्ट्रिय वाणिज्य बैंक दाङ शाखामा श्रीमानले विदेशबाट पठाएको विप्रेषण वार्षिक ६.२५ प्रतिशत ब्याजदरमा एक गृहिणीले जम्मा गरिछन् । ८ महिना पछि तिनको खातामा मौज्दात (साँवा बाहेक) रु ३०७,५०० ब्याज आर्जन भएछ, अब भन्नुस तिनको साँवा रकम कति थियो ? हिसाब गरेर देखाउनुहोस् ।

लोक सेवा आयोग
राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, सहायक तृतीय पदको खुल्ला प्रतियोगितात्मक
लिखित परिक्षा २०६९

परीक्षाकेन्द्र : नेपालगञ्ज
पत्र: प्रथम
समय: ३ घण्टा

पूर्णाङ्क : १००

विषय : बैंकिङ्ग, लेखा तथा कम्प्यूटर/आइटी
प्रत्येक खण्डको उत्तर छुट्टयछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्ने छ ।

खण्ड (क)

१. केन्द्रीय बैंकको रुपमा नेपाल राष्ट्र बैंकले गर्ने मुख्य मुख्य कार्यहरु के के हुन् ? सविस्तार उल्लेख गर्नुहोस् ।

२. वित्तीय पहुँच भन्नाले के बुझिन्छ ? नेपालमा वित्तीय पहुँच बढाउन के कस्ता कार्यहरु भइरहेका छन् । उल्लेख गर्नुहोस् ।

३. सम्पत्ति शुद्धीकरण भन्नाले के बुझिन्छ ? सम्पत्ति शुद्धीकरण निवारण ऐन २०६४ ले के कस्ता वित्तीय कारोबारलाई कसुरजन्य मानेको छ ? व्याख्या गर्नुहोस् ।

४. नेपालमा बैंकहरुको विकासक्रमबारे उल्लेख गर्दै राष्ट्रिय वाणिज्य बैंकले मुलुकको ग्रामीण क्षेत्रमा पुऱ्याएको योगदानबारे चर्चा गर्नुहोस् ।

५. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ बमोजिम नेपालका कति वर्गका इजाजतपत्र प्राप्त संस्थाहरु सञ्चालनमा छन्, उल्लेख गर्दै वित्तीय संस्थाले गर्ने प्रमुख कार्यहरु उल्लेख गर्नुहोस् ।

६. कुनै दुईका बारेमा संक्षेपमा लेख्नुहोस् ।
   क) दरपीठ (Endorsemet)
   ख) बैंक जमान (Bank Guarantee)
   ग) ग्राहक पहिचान (Know your customer)

समूह (ख)

७. वाणिज्य बैंकहरुको वासलातको सम्पत्ति (Assets) र दायित्व (Liabilities) तर्फका मुख्य मुख्य शीर्षकहरु बुदागत रुपमा उल्लेख गर्नुहोस् ।

८. बाहय लेखा परीक्षण भनेको के हो ? बाहय लेखा परीक्षण गर्दा लेखापरीक्षकले के के कुरामा ध्यान पुऱ्याउनु पर्दछ ? लेख्नुहोस् ।

९. कुनै दुईका बारेमा संक्षेपमा लेख्नुहोस् ।
   क) तरलता अनुपात (Liquidity Ratio)
   ख) सन्तुलन परीक्षण (Trial Balance)
   ग) डे बुक (Day Book)

समूह (ग)

१०. वेबसाइटमा सबै वाणिज्य बैंकहरुको होमपेच (Home Page) रहेको पाइन्छ । यसको आवश्यकता र महत्वबारे प्रकाश पार्नुहोस् ।

११. कार्यालयमा सञ्चारको महत्वबारे प्रकाश पार्दै सञ्चारका माध्यमहरुबारे उल्लेख गर्नुहोस् ।

१२. कुनै दुईको बारेमा संक्षेमा लेख्नुहोस् ।
   क) मोबाइल बैंकिङ (Mobile Banking)
   ख) एक्सेल सफ्टवेयर (Excel Software)
   ग) इमेल (Email) को महत्व

CamScanner

लोक सेवा आयोग

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, सहायक तृतीय पदको खुल्ला प्रतियोगितात्मक

लिखित परिक्षा २०६९

परीक्षाकेंन्द्र : नेपालगञ्ज

पत्र: द्वितीय

समय: २ घण्टा २० मिनेट **पूर्णाङ्क : १००**

विषय: सामान्य गणित

१. राष्ट्रिय वाणिज्य बैंकले कुल कर्जा प्रवाह २०६६ आषाढमा रु. ३० अर्ब, २०६७ अषाढमा रु ३२ अर्ब, २०६८ अषाढमा रु. ३[illegible] अर्ब र २०६९ अषाढमा रु. ४३ अर्ब पुगेको रहेछ भने हिसाब गरेर देखाउनुहोस् ।

(क) २०६६ अषाढदेखि २०६९ अषाढसम्म कुल कर्जा कति प्रतिशतले वृद्धि भएको रहेछ ?

(ख) २०६७ अषाढको तुलनमा २०६९ अषादमा कुल कर्जा ५० प्रतिशतले बढेको भए २०६९ अषाढमा कर्जा रकम कति हुने थियो ?

२. एस. एल.सी. परीक्षामा संलग्न भएका कुल ३०० विद्यार्थीहरुमध्ये ६० प्रतिशत पास, ३० प्रतिशत फेल र बाँकी विद्यार्थीहरुको नतिजा स्थगित भएछ । यदि कुल विद्यार्थी संख्या छात्र र छात्राको अनुपात ६०:४० भएमा पास हुने, फेल हुने र परीक्षा स्थगित भएका छात्राहरुको सङ्ख्या निकाल्नुहोस् ।

३. पूजाको मासिक तलब रु ७,००० बाट बढेर रु १२,००० पुगेको रहेछ । उनले पहिला आयकर तिर्नु परेको थिएन भने तलब वृद्धि पछि कुल तलबमा १० प्रतिशत आयकर तिर्नुपर्ने भएछ भने उनको तलब खुद कति प्रतिशतले बढेको रहेछ ? हिसाब गरेर देखाउनुहोस् ।

४. हल गर्नुहोस् :

$\{(4.95+2.04)\div2.33\}\div\{(12.7-13.12)\times(-6.25)\}$

५. बुटवलमा व्यापारी हरिप्रसाद पाण्डेले एउटा घडी ५ प्रतिशत नोक्सान खाएर बेचेछन् । यदी उनले आफ्नो खरीद मुल्यमा रु १०४ थपेर बेचेको भए उनलाई ८ प्रतिशत नाफा हुने थियो भने उनले कतिमा घडी खरिद गरेको रहेछ ? हिसाब गरेर देखाउनुहोस् ।

६. रामकान्त र श्यामकान्तले वाणिज्य बैंकको पुरानो नोट गन्न क्रमशः २५ दिन र २० दिन लगाउँदा रहेछन् । दुवैले ५ दिन सँगै काम गरे तर पछि रामकान्तले बीचैमा काम छोडेर गएछन् भने श्यामकान्तले बाँकी नोट गन्ती गर्न कति दिन लगाउँलान ? हिसाब गरेर देखाउनुहोस् ।

७. राष्ट्रिय वाणिज्य बैंकमा काम गर्ने तीन जना कर्मचारीहरुमा राजनले साजनको भन्दा ३० प्रतिशत बढी तलब पाउँछन् र दीपिकाले साजनको भन्दा ६० प्रतिशत बढी तलब पाउँछिन भने राजनको भन्दा दीपिकाको कति प्रतिशत बढी तलब पाउँदी रहिछिन् ? हिसाब गरेर देखाउनुहोस् ।

८. एक व्यक्तिले दुई बराबर एक जनालाई $३^{१/४}\%$ र अर्कोलाई $१^{३/४}\%$ व्याज दरमा सापट दिएछ । यदि एक वर्ष ६ महिना पछि उसले दुवै सापटीबाट कुलमा रु ५१० ब्याज भएछ भने जम्मा कति रकम सापट दिएको रहेछ ? हिसाब गरेर देखाउनुहोस् ।

९. एक चिया पसलले बजारबाट केही दूध किनेर ल्याउँदा उक्त मिश्रित दूधमा शुद्ध दूध र पानीको अनुपात ५:२ रहेछ । उक्त मिश्रित दूधमा पुनः १३ लिटर पानी थप गर्दा उक्त दूध र पानीको अनुपात ६:५ हुन पुगेछ भने उसले कति शुद्ध दूध किनेको रहेछ ? हिसाब गरेर देखाउनुहोस् ।

१०. ७० वटा साइकल रु १,३४,४०० मा विक्री गर्दा पसलेलाई ४ प्रतिशत नोक्सान हुन्छ भने २० वटा साइकलको क्रम मूल्य कति रहेछ ? हिसाब गरेर देखाउनुहोस् ।

CamScanner

लोक सेवा आयोग

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, सहायक तृतीय पदको खुल्ला प्रतियोगितात्मक

लिखित परिक्षा २०६९

परीक्षाकेन्द्र · धनगढी

पत्रः प्रथम

समयः ३ घण्टा

पूर्णाङ्क १००

विषय : बैंकिङ्ग, लेखा तथा कम्प्यूटर/आइटी

प्रत्येक खण्डको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्ने छ ।

खण्ड (क)

१. सम्पत्ति शुद्धीकरण भनेको के हो ? यसलाई रोक्नको लागि सम्पत्ति शुद्धीकरण निवारण - ऐन, २०६४ मा के कस्तो उपायहरु अवलम्बन गरिएको छ ? उल्लेख गर्नुहोस ।

२. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ अनुसार नेपाल राष्ट्र बैंक तथा वित्तीय संस्थालाई कसरी वर्गीकरण गरेको छ ? 'क' वर्गका बैंकले गर्न सक्ने प्रमुख कार्यहरु उल्लेख गर्नुहोस् ।

३. नेपालको बैंकिङ क्षेत्रको विकासक्रम बारे चर्चा गर्दै पछिल्लो दशकमा बैंकिङ क्षेत्रमा देखिएका परिवर्तनहरुबारे उल्लेख गर्नुहोस् ।

४. ग्राहकको पहिचान (Know Your Customer) भनेको के हो ? बैंकिङ व्यवसायमा यसको के कस्तो महत्व छ ?

५. बैंकिङ क्षेत्रमा तरतलाको अभाव भन्नाले तपाइ के बुझ्नुहुन्छ ? यस्तो अवस्था किन सिर्जना हुन्छ ? वर्णन गर्नुहोस ।

क) प्रतिज्ञा पत्र (Promissory Note)

ख) निस्कृय कर्जा (Non Performing Loan)

ग) प्रतित-पत्र (Letter of Credit)

खण्ड (ख)

७. लेखा परीक्षण भनेको के हो ? आन्तरिक लेखापरीक्षण र बाह्य लेखापरीक्षणमा के भिन्नता छ ? उल्लेख गर्नुहोस् ।

८. वासलात भनेको के हो ? वाणिज्य बैंकको वासलातको दायित्वतर्फ रहने मुख्य मुख्य शीर्षकहरुको बारेमा व्याख्या गर्नुहोस ।

९. कुनै दुईका बारेमा छोटकरीमा लेख्नुहोस् ।

क) डे बुक (Day Book)

ख) नाफा नोक्सान खाता (Profit and Loss Account)

ग) सन्तुलन परीक्षण (Trial Balance)

खण्ड (ग)

१०. अनुक्रमणिका (Indexing) भनेको के हो ? यसबाट हुने फाइदाबारे उल्लेख गर्नुहोस् ।

११. सञ्चार भनेको के हो ? वाणिज्य बैंकमा सञ्चारको महत्वबारे चर्चा गर्नुहोस् ।

१२. कुनै दुईका बारेमा छोटकरीमा लेख्नुहोस ।

क) रेकर्ड व्यवस्थापन (Record Management)

ख) कार्यालय संरचना (Office Layout)

ग) वर्ड प्रोसेसिङ्ग सिष्टम (Word Processing System)

CamScanner

लोक सेवा आयोग

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, सहायक तृतीय पदको खुल्ला प्रतियोगितात्मक

लिखित परिक्षा २०६९

परीक्षाकेन्द्र : धनगढी

पत्र: द्वितीय

समय: २ घण्टा २० मिनेट — पूर्णाङ्क : १००

विषय: सामान्य गणित

१. कति प्रतिशत साधारण व्याजका दरले कुनै सावाँ रकम ८ वर्षमा दोब्बर हुन्छ ? र सोही रकम ५ वर्षमा दोब्बर हुन व्याज कति हुनुपर्दछ ? हिसाब गरेर देखाउनुहोस् ।

२. यदि कुनै सामानको विक्री मूल्य क्रयमूल्य भन्दा ४० प्रतिशत बढी हुने गरी राखिएको रहेछ र सो सामान १० प्रतिशत छुट मा बेचिएको रहेछ भने व्यापारीलाई उक्त सामानमा कति प्रतिशत नाफा भयो होला ? हिसाब गरेर देखाउनुहोस् ।

३. बाबु र छोराको उमेरको अनुपात ९:४ छ । ५ वर्षपछि उनीहरुको उमेरको अनुपात २:१ हुन्छ भने बाबु र छोराको हालको उमेर कति होला ? हिसाब गरेर देखाउनुहोस् ।

४. २० प्रतिशत घाटामा बेचिएको सामानलाई रु ५० बढीमा बेच्दा ५ प्रतिशत नाफा हुने रहेछ भने उक्त सामानको क्रय मूल्य कति रहेछ ? हिसाब गरेर देखाउनुहोस् ।

५. गणितमा परीक्षार्थीले प्राप्त गरेको निम्न लिखित अङ्कका आधारमा प्राप्ताङ्कको औसत निकाल्नुहोस् ।

प्राप्ताङ्क	५०	६०	६५	७०	७५
परीक्षार्थीको संख्या	३	३	४	५	५

६. एउटा व्यापारीले रु. ८,००० का दरले खरीद गरेका तीन वटा मोबाइल सेट बिक्री गर्दा पहिलोमा १२ प्रतिशत नाफा, दोस्रोमा १७ प्रतिशत नाफा र तेस्रो मोबाइल केही फुटेकाले ८ प्रतिशत घाटामा विक्री गरेको रहेछ भने उसको कुल मुनाफा रकम र नाफाको प्रतिशत कति हुन्छ ? हिसाब गरेर देखाउनुहोस् ।

७. तल दिइएका प्रतिशतलाई भिन्न प्रस्तुत गर्नुहोस् ।

क) १२.२५% ख) १४.५०% ग) १८.७५% घ) ०.००१%

८. कुनै एउटा कक्षा कोठामा छात्राको औसत उमेर १८ वर्ष र छात्राको औसत उमेर १६ वर्ष छ । यदि उक्त कक्षामा ४० प्रतिशत छात्र र बाँकी छात्रा छन् भने उक्त कक्षाका विद्यार्थीको औसत उमेर कति होला ? हिसाब गरेर देखाउनुहोस् ।

९. नयाँ वर्षको अवसरमा एउटा कपडा पसलले १२ प्रतिशत छुटमा सामानहरु विक्रीमा राखेको रहेछ । यसै क्रममा रीताले २२५ रुपैयाँ मूल्य अंकित गरिएको एउटा लुगा खरीद गर्न कति रुपैयाँ तिर्नु पर्ला ? हिसाब गरेर देखाउनुहोस् ।

१०. सरल गर्नुहोस् :

$17.067+22.043\times3.709-45.009\div3.03$